# अपाङ्ग जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१

**प्रस्तावना :**

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण, स्वतन्त्र, अवरोधमुक्त र आत्मनिर्भर जीवन यापनका लागि उपयुक्त रोजगारी सहित आवश्यक सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार एवं सुविधाहरु उपलब्ध गराउनका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा अन्य प्रचलित निर्देशिका, कार्यविधिहरुको स्थानीय निकायहरुले आवधिक तथा वार्षिक विकास कार्यक्रम/आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय निकाय, विषयगत कार्यालयहरु तथा अन्य गैरसरकारी निकायबाट अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालन हुने कार्यक्रमहरुलाई पारदर्शी, जनमूखी, प्रभावकारी बनाई उपलब्धीपूर्ण र समावेशी बनाउन अपाङ्गताको क्षेत्रमा सञ्चालित कार्यक्रमहरुमा दोहोरोपना हटाई अपाङ्गता भएका व्यक्तिका आवश्यकतामा आधारित कार्यक्रमहरुको तर्जुमा गर्नु कार्यक्रमहरुको कार्यान्वयनमा स्वामित्व, संलग्नता तथा प्रतिफलमा समेत पहुँच अभिवृद्धि गर्न र अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग र समन्वय गर्न जिल्ला तहमा समन्वय समिति गठन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले "अपाङ्ग जिल्ला समन्वय समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०७१" तर्जुमा गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "अपाङ्ग जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले दफा ६ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको अपाङ्ग जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

**३. समितिको गठन :** (१) स्थानीय निकायहरु, विषयगत कार्यालयहरु र गैर सरकारी संस्थाहरुबाट आ-आफ्नो ढंगले अपाङ्गका क्षेत्रमा काम गर्दै आईरहेकाले काममा दोहोरोपना हटाई सीमित स्रोत साधनको प्रभावकारी उपयोगमा गरी अपाङ्गको मूलप्रवाहीकरण, सशक्तिकरण, क्षमता विकास र गरिबी निवारणका क्षेत्रमा स्रोत साधनबाट अपेक्षित उपलब्धी हासिल भई लक्षित वर्गले सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुर्‍याउन जिल्ला तहमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको समन्वय गर्नको लागि "अपाङ्ग जिल्ला समन्वय समिति" नामको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) जिल्ला विकास समितिको सभापति - अध्यक्ष

(ख) जिल्लाभित्र अपाङ्गता भएका व्यक्तिको हक, अधिकार र विकासको क्षेत्रमा क्रियाशिल अपाङ्गता भएका व्यक्ति मध्येबाट संघीय मामिला तथा स्थानीय विकास मन्त्रीबाट मनोनित एक जना व्यक्ति - उपाध्यक्ष

(ग) स्थानीय विकास अधिकारी

(घ) प्रमुख जिल्ला अधिकारी वा सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(ङ) जिल्ला शिक्षा अधिकारी -सदस्य

(च) जिल्ला स्वास्थ्य कार्यालयको प्रमुख -सदस्य

(च) कृषि विकास कार्यालयको प्रमुख - सदस्य

(छ) जिल्ला पशु विकास कार्यालयको प्रमुख - सदस्य

(झ) महिला तथा वालवालिका अधिकृत - सदस्य

(ञ) घरेलु तथा साना उद्योगका कार्यालय/समितिको प्रमुख - सदस्य

(ज) राष्ट्रिय अपाङ्ग महासंघ जिल्ला समितिले तोकेको एक जना महिलासहित दुई जना प्रतिनिधि -सदस्य

(झ) जिल्ला विकास समितिको कार्यक्रम अधिकृत (सामाजिक विकास शाखा प्रमुख) -सदस्य-सचिव

**४ .समितिको काम, कर्तब्य र अधिकारः-** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अपाङ्गताका क्षेत्रसँग सम्बन्धित जिल्लामा सञ्चालित सरकारी, गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) जिल्ला विकास समिति, नगरपालिका तथा गा.वि.स.बाट सञ्चालन हुने अपाङ्ग लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा समन्वय र सहजीकरण गर्ने,

(ग) स्थानीय निकायबाट प्रचलित अनुदान सञ्चालन कार्यविधि बमोजिम अपाङ्ग लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग लाभान्वित हुने अवस्था सुनिश्चित गर्ने,

(घ) स्थानीय निकायहरु, बिषयगत कार्यालयहरु तथा गैरसरकारी संस्थाहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिश गर्ने,

(ङ) जिल्लामा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र उत्थानका लागि गठित समूह तथा सामुदायिक संस्थाहरुले सञ्चालन गर्ने अपाङ्ग लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने,

(च) अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र उत्थानका लागि जिल्लामा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संस्था, समिति तथा समूहरुको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुका माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पुऱ्याउन सहयोग र समन्वय गर्ने,

(छ) जिल्लामा अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने, गराउने,

(ज) अपाङ्गता भएका व्यक्तिको सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लगायत अन्य कार्यान्वयनमा रहेका नियमावली, नीति, रणनीति, कार्यविधिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने,

(झ) जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयबाट सञ्चालित अपाङ्गता सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक सहयोग उपलव्ध गराउने,

(ञ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ बमोजिम गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिसँग समन्वय गरी उक्त नीति कार्यान्वयनको लागि सहयोग तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ट) जिल्लामा विभिन्न निकायहरुबाट अपाङ्गता भएका व्यक्तिको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख तयार गर्ने,

(ठ) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा संस्थामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वको लागि पहल गर्ने,

(ड) स्थानीय निकायहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परिक्षण नीति अनुसारको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेटको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,

(ढ) जिल्लास्थित विषयगत कार्यालयहरु तथा स्थानीय निकायबाट सञ्चालित अपाङ्गता भएका व्यक्तिको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने,

(ण) स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ अनुसारको बजेटको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने,

**<u>५. समितिको बैठक सम्बन्धी कार्यविधि :</u>** (१) समितिको बैठक १ बर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

**<u>६. उपाध्यक्ष सम्बन्धी व्यवस्था :</u>** (१) समितिमा एक जना उपाध्यक्ष रहनेछ जसको नियुक्ति नेपाल सरकार (मन्त्रीस्तर) बाट हुनेछ ।

(२) उपाध्यक्षको पदावधि बढीमा चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायको निर्वाचन सम्पन्न भएपछि उपाध्यक्ष आफ्नो पदबाट स्वतः मुक्त हुनेछ ।

**<u>७. उपाध्यक्षको सेवा, शर्त र सुविधा :</u>** (१) समितिको उपाध्यक्षले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन् । तर समितिको बैठकमा भाग लिए वापत उपाध्यक्षले जिल्ला विकास समितिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछ । उपाध्यक्षलाई आफ्नो स्थायी ठेगानादेखि बैठक स्थलसम्म आउँदा र फर्कदा न्यूनतम भ्रमण खर्च जिल्ला विकास समितिले प्रशासनिक खर्चको सीमा भित्र रही उपलब्ध गराउने छ । जिल्ला विकास समितिले बैठक भत्ता, भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्चको व्यवस्था अनुदान तथा कोषतर्फको सम्बन्धित शीर्षकमा नै व्यवस्था गर्न सक्नेछ ।

(२) समितिको बैठक बस्नु अघि समितिको उपाध्यक्षसहितको टोलीले कम्तीमा एक पटक सम्बन्धित योजना, कार्यक्रम तथा परियोजनाको भ्रमण गरी प्रतिवेदन दिनु पर्नेछ ।

(३) समितिको उपाध्यक्षले कामको सिलसिलामा भ्रमण गर्दा जिल्ला विकास समितिको सभापतिबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ । भ्रमण आदेश स्वीकृत गर्दा भ्रमण प्रयोजन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(४) समितिको उपाध्यक्षले भ्रमण गरी फर्केको पैंतीस दिनभित्र भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ । भ्रमण प्रतिवेदन प्राप्त भएपछि जिल्ला विकास समितिले नियमानुसार भ्रमण भत्ता भुक्तानी गर्नेछ ।

(५) जिल्ला विकास समितिले आफ्नो नियमित बैठक, योजना तर्जुमा गोष्ठी र जिल्ला परिषद्मा समितिको उपाध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ । यसरी उपस्थित भएको अवस्थामा उपाध्यक्षले जिल्ला विकास समितिको सदस्यले पाए सरह बैठक भत्ता पाउने छ ।

**८. बैठक भत्ता :** (१) कार्यालय समय बाहेक र बिदाको दिनमा समितिको बैठक बस्नु पर्दा उपाध्यक्ष बाहेक अन्य पदाधिकारीहरुले समितिको बैठकमा भाग लिए वापत भत्ता जिल्ला विकास समितिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछ । यस्तो भत्ता उपलब्ध गराउँदा जिल्ला विकास समितिको प्रशासनिक खर्चको सीमा भित्र रही उपलब्ध गराउनु पर्नेछ । साथै जिल्ला विकास समितिले बैठक भत्ता, भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्चको व्यवस्था अनुदान तथा कोषतर्फको सम्बन्धित शीर्षकमा नै व्यवस्था गर्न सक्नेछ ।

(२) समितिका पदाधिकारी बाहेक अन्य आमन्त्रित सदस्यलाई भत्ता उपलब्ध गराइने छैन ।

**९. समितिको कार्यालय :** समितिको कार्यालय जिल्ला विकास समितिमा रहनेछ । कार्यालय प्रयोजनको लागि केन्द्रबाट प्राप्त अनुदान र आन्तरिक श्रोतबाट जिल्ला विकास समितिले आवश्यकताको आधारमा व्यवस्थापन गर्नेछ ।

**१०. निर्देशन दिन सक्ने :** (१) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

**११. थपघट र हेरफेर :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**१२. खारेजी र बचाउ : (१)** महिला जिल्ला समन्वय समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०७०, खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१३. अमान्य हुने :** यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानुनसँग बाझिएमा हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।